# नेपाली भाषामा लेखिएका बालसाहित्यसम्बन्धी कृति

## अच्युतशरण अर्याल

### *१. नेपाली बालसाहित्यको रूपरेखा*

प्रकाशक-डिल्लीप्रसाद अर्याल, स्याङ्जा; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४५ पुस, पृष्ठ-५०+४=५४, मूल्य-रु.१२।-; आवरण-टेकवीर मुखिया ।

चौध शीर्षकमा नेपाली बालसाहित्यबारे लेखिएको पहिलो परिचयात्मक कृति । शीर्षक-बालसाहित्यको आवश्यकताबोध, नेपाली बालसाहित्यको अध्ययन परम्परा, अध्यापन समीक्षा, 'अध्ययनको उद्देश्य, सीमा, विधि र रूपरेखा', बालसाहित्यको परिभाषा, कथा र बालबालिका, बालबालिकाको लागि उपन्यासको महत्त्व, बालगीत वा कविता एक अनुभूति, 'बाल प्रेरणा जीवनी, नाटक', बालसाहित्यको आधार, नेपाली बालसाहित्य : कालविभाजन, नेपाली लोकबालसाहित्य, नेपाली बालसाहित्य लेखन परम्परा पृष्ठभूमि र विकास, बाल मनोरञ्जन चित्रकथा र अरू माध्यम । परिशिष्टमा विविध टिपोटसमेत दिइएको छ ।

## कुलमानसिंह भण्डारी

### १. *बालसाहित्यमा चित्रकला*

प्रकाशक-रामकृष्ण भण्डारी; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६३ असार, पृष्ठ-५१+९=६०, मूल्य-रु.३०।-; आवरण-अनुल्लिखित; सम्पादन-सुकुम शर्मा ।

दसवटा लेखहरूको सङ्ग्रह । शीर्षक-बालसाहित्यमा कलाकारिता, बालसाहित्यमा चित्रकलाको आवश्यकता, सचित्र बालसाहित्य पढ्न पाउने वातावरण, सचित्र बालसाहित्यमा रेखा, रूप र रङका किसिम, बालसाहित्यमा रङ्गीत चित्रको महत्त्व, अपाङ्ग बालबालिकाका लागि साहित्य सिर्जना गरौँ, रेखाचित्र सिकाउन खोज्दा, चित्रकलामा रङ्गको महत्त्व, बालसाहित्यमा अभिभावकको दायित्व, पहाडी वातावरण र बालसाहित्य । यो कृतिमा बालसाहित्यमा चित्रकलाको महत्त्व दर्शाउनेलगायतका दस पूर्वप्रकाशित लेखहरू सङ्गृहीत छन् । यस विषयको यो सम्भवतः पहिलो कृति हो । यस कृतिले बालसाहित्यका कृतिमा कस्ताखाले चित्र हुनुपर्छ भन्नेबारे बहस सुरु गरेको मान्न सकिन्छ । त्यसैले पनि कृतिको महत्त्व देखिन्छ ।

## चंकी श्रेष्ठ

### १. *शब्द, स्पर्श र अनुभूति (सम्पा.)*

प्रकाशक-विविध पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-सम्झना प्रेस; पहिलो संस्करण-२०६२ मङ्सिर, पृष्ठ-८०, मूल्य-रु.५०।-; आवरण-वासु क्षितिज ।

बालसाहित्यकार विजयराज आचार्यका विभिन्न कृतिबारे राजकुमार बानियाँ, विष्णुप्रसाद कोइराला, विवश वस्ती, प्रशान्त खरेल, अनमोलमणि, विमला तुम्खेवा, पुन्य कार्की, चंकी श्रेष्ठ, कपिल लामिछाने, जयन्ती स्पन्दन, अम्बिका पौडेल, छत्र क्षितिज, विनोद पहाडी, जे.बी.विश्वकर्मा, विनोद मञ्जन, नर्मदेश्वरी सत्याल, भीमसेन सापकोटा, ललित परियार, मणि लोहनी, प्रकाश सिलवाल, स्वागत नेपाल, अच्युत घिमिरे र गङ्गा बीसीसमेत २३ लेखकद्वारा लेखिएका २५ रचनाको सङ्कलन ।

## जनकप्रसाद हुमागाईं

### १. *नेपाली बालसाहित्य*

प्रकाशक-सुनकोसी साहित्य प्रतिष्ठान, काठमाडौँ; मुद्रक-मोडर्न दीपक प्रेस,

वाराणसी, भारत; पहिलो संस्करण-२०५६, पृष्ठ-११२, मूल्य-अनुल्लिखित; आवरण-अनुल्लिखित ।

बालसाहित्यसम्बन्धी पन्ध्र लेखहरूको सङ्ग्रह । शीर्षक-बालक र बालसाहित्य, हाम्रो बाललोकसाहित्य, नेपालमा बालसाहित्यको स्थिति, नेपालमा बालसाहित्यको समस्या, बालसाहित्यका निम्ति भएका केही प्रयास, अन्तर्राष्ट्रिय स्तरमा बालहितका कार्य, सार्क देशका बालिका र बालसाहित्य, नेपाली बालसाहित्य र बालसाहित्यकार, नेपालमा बालपत्रिका, बालसाहित्यको प्रचार-प्रसारका प्रयत्न, बालअधिकार र हाम्रो स्थिति, 'सञ्चारमाध्यम, वातावरण र बालसाहित्य', बालसाहित्यमा विषयछनौट र भाषाप्रयोग, बालसाहित्यको विकासका केही पक्ष, हाम्रा आँखामा बालक र बालसाहित्य ।

"यसमा समावेश भएका धेरै सामग्री बालसाहित्यको उत्थानका निम्ति विभिन्न समय र सन्दर्भमा कार्य गर्दै जाँदा विभिन्न सम्मेलन र पत्रपत्रिकामा प्रस्तुत गरिसकिएका हुन् । नेपाली बालसाहित्य र बालसाहित्यकार कृतिविषयमा तयार पारिएको खण्ड यसै पुस्तकमा प्रस्तुत गरिएको नवीनतम विषय हो । यसअघि तयार पारिएका र प्रकाशमा आइसकेका सबै सामग्रीलाई विषयगत रूपमा अध्ययन-अनुसन्धान गर्न सघाउ पुगोस् भनी यथाशक्य सम्पादन र परिमार्जन गरी क्रमबद्ध रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।" (लेखकीय, *आफ्नै यात्रा-अनुभवका कुरा*, पृ.९)

यो सङ्ग्रहमा बालसाहित्यसम्बन्धी विभिन्न समयमा लेखिएका विविध लेखहरू सङ्कलित छन् । यी लेखहरूले बालसाहित्यको आवश्यकता र महत्त्वका अतिरिक्त बालसाहित्यसम्बन्धी लेखकका विचारहरूलाई पनि प्रस्तुत गरेका छन् । नेपाली बालसाहित्यबारे अत्यन्त थोरै पुस्तक प्रकाशित भएको अवस्थामा यो कृतिको आफ्नै किसिमको महत्ता छ ।

## जीवेन्द्रदेव गिरी

### *१. नेपाली बालपत्रिकाको बालसाहित्यमा योगदान*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सर्वोत्तम अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ वैशाख, पृष्ठ-८०, मूल्य-रु.४०।-; आवरण-चन्द्र खाकी ।

विभिन्न सात शीर्षकअन्तर्गत नेपाली बालसाहित्यको विकासमा नेपाली बालपत्रिकाहरूले पुऱ्याएको योगदानको अध्ययन । शीर्षकहरू-नेपालमा

बालपत्रकारिता (पृष्ठभूमि, विकासक्रम, चरण र मोडहरू), बालपत्रिकाको विवेचना (प्रकार, प्रकाशनस्थल, प्रकाशक, सम्पादक, निरन्तरता, भाषिक, प्रकाशित सामग्री र चिन्तनका आधारमा विवेचना), बालपत्रिकासम्बन्धी समस्या र सुझाउ (परिवेश, प्रतिबद्धता, व्यवस्थापन, स्तर, आर्थिक अवस्था, हस्तक्षेप र विविध विषयका सम्बन्धमा), बालसाहित्य र बालपत्रिका (आरम्भ, बालसाहित्यको परिचय, बालसाहित्य र बालपत्रिकाको सम्बन्ध), बालपत्रिकाको बालसाहित्यमा विधागत योगदान (कविता, कथा, निबन्ध, जीवनी, नाटक, लोकसाहित्य, समालोचना र अन्य क्षेत्रमा योगदान), बालपत्रिकाको बालसाहित्यमा वैचारिक योगदान, उपसंहार ।

नेपाली बालसाहित्यको विकास र विस्तारमा बालपत्रिकाको महत्त्वपूर्ण योगदान रहेको छ । यो कृतिले बालपत्रिकाहरूले गरेको योगदानलाई वस्तुगत रूपमा केलाउने प्रयास गरेको छ । यो यस प्रकारको पहिलो कृति हो । यसमा नेपाली बालपत्रिकाको राम्रा र कमजोर दुबै पक्षको विश्लेषण गरिएको छ । त्यसैले कृति उपयोगी छ ।

## प्रमोद प्रधान

### *१. नेपाली बालसाहित्यको इतिहास*

प्रकाशक-बगर फाउन्डेसन नेपाल; मुद्रक-हिसि अफसेट प्रेस, जमल; पहिलो संस्करण-२०५७, पृष्ठ-१६४+८=१७२, मूल्य-रु.१००।-; आवरण-रमेश श्रेष्ठ ।

नेपाली बालसाहित्यको पहिलो इतिहास । अनुसन्धानात्मक एवम् विश्लेषणात्मक ग्रन्थ । यो कृति २०५७ सालमा पहिलोपटक छापिए पनि वि.सं. २०६१ मा प्रकाशित दोस्रो संस्करणमा प्रशस्त संशोधन एवम् परिमार्जन गरिएको छ । केही प्रमुख नेपाली बालसाहित्यलेखक शीर्षकको अध्यायमा श्यामप्रसाद, ध्रुवकृष्णदीप र शान्तदास थपिएका छन् भने अरू अध्यायमा पनि प्रशस्त सामग्री थप गरिएका छन् । दोस्रो संस्करणको प्रकाशक विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ, पृष्ठ-३१६ ।

पहिलो संस्करणमा विभिन्न एघार शीर्षकमा सामग्री । शीर्षक-प्राक्कथन, बालसाहित्य : प्रयोजन, आवश्यकता र उपयोगिता, बालसाहित्य : परिभाषा र दृष्टिकोण, बालसाहित्य र बालपाठ्यपुस्तक : केही समानता, केही भिन्नता, नेपाली भाषामा बालसाहित्य (लोकबालसाहित्य र लिखित बालसाहित्य), नेपाली बालसाहित्य : विधागत रूपमा (बालगीत/बालकविता, बालकथा, बालउपन्यास, बालएकाङ्की/बालनाटक, बालोपयोगी जीवनी, चित्रकथा, अनुवाद-बालसाहित्य),

केही प्रमुख नेपाली बालसाहित्यलेखक (लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, देवकुमारी थापा, रमेश विकल, कृष्णप्रसाद पराजुली, जनकप्रसाद हुमागाईं, देवीप्रसाद वनवासी, विश्वम्भर चञ्चल, परशु प्रधान, प्रेमा शाह, गोपाल पराजुली, कल्पना प्रधान, रामबाबु सुवेदी, दैवज्ञराज न्यौपाने र कविताराम), नेपाली बालपत्रिकाको विगत र वर्तमान, नेपाली बालसाहित्यको विकासमा संस्थागत प्रयास (बालसाहित्यप्रकाशकहरू, बालसाहित्यपुरस्कारहरू, बालसाहित्यसम्बन्धी संस्था), बालपुस्तकका चित्रकारहरू, नेपाली बालपुस्तकहरूको सूची ।

## भिक्टर प्रधान

### *१. नेपाली बालसाहित्यको सय वर्ष (सम्पा.)*

प्रकाशक-नेपाली बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२००७ जुलाई, पृष्ठ-१७४, मूल्य-रु.२२५।-

नेपाल बालसाहित्य समाज र तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संयुक्त आयोजनामा २०५९ असार १५ र १६ गते काठमाडौँमा सम्पन्न नेपाली बालसाहित्यको सय वर्ष शीर्षकको गोष्ठीमा प्रस्तुत पत्रहरूको सङ्कलन । गोष्ठी संयोजक-जनकप्रसाद हुमागाईं ।

एघार रचना । शीर्षक तथा लेखक-नेपाली बालसाहित्य प्रकाशनको सय वर्ष (डा.चूडामणि बन्धु), नेपाली बालसाहित्यको सय वर्षका विविध नेपाली बालवाङ्मय (विजय चालिसे), सय वर्षको नेपाली बालगीत र बालकविता-काव्यको ऐतिहासिक विकासक्रम, मूल प्रवृत्ति र उपलब्धि (डा.महादेव अवस्थी), सय वर्षको नेपाली बालआख्यान (कथा र उपन्यास) को ऐतिहासिक विकासक्रम, मूल प्रवृत्ति र उपलब्धि (शारदा अधिकारी, ढकाल), नेपाली बालसाहित्यमा लोककथाको पुनर्लेखन (जनकप्रसाद हुमागाईं), सय वर्षको नेपाली बालएकाङ्की र नाटक (प्रमोद प्रधान), सय वर्षको नेपाली बालजीवनी (प्रमोद प्रधान), सय वर्षको अनूदित नेपाली बालसाहित्यको झलक (डा.गोविन्दराज भट्टराई), सय वर्षको नेपाली बालचित्रपुस्तक (भिक्टर प्रधान), नेपालमा सय वर्षको बालपत्रकारिता (जीवेन्द्रदेव गिरी) । यसबाहेक नेपाली बालसाहित्यको सय वर्ष : प्रारम्भ र विकास शीर्षकको गोष्ठीको प्रतिवेदन पनि समाविष्ट । प्रतिवेदन प्रस्तोता-धर्मराज अधिकारी ।

## रामचन्द्र लम्साल (प्रा.डा.) र अच्युतशरण अर्याल (डा.)

### *१. नेपाली बालसाहित्यकार कोश*

प्रकाशक-अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन, काठमाडौँ; मुद्रक-त्रियुगा अफसेट प्रिन्टिङ प्रेस; पहिलो संस्करण-अनुल्लिखित (तर २०६४), पृष्ठ-११८+१८=१२६, मूल्य-१०१।-; आवरण-अनुल्लिखित ।

बालसाहित्यकार परिचयअन्तर्गत १८१ जनाको बारेमा जानकारी दिने प्रयास । परिशिष्टमा बालकविता र गीत, बालकथा, बालउपन्यास, बालनाटक र बालजीवनी शीर्षकमा बालपुस्तकहरूको सूची दिइएको । यस प्रकारको पहिलो पुस्तक भए पनि यस्तो पुस्तक तयार गर्दा अपनाउनुपर्ने विषयहरूमा ध्यान नदिइएकाले कृति उपयोगी हुन सकेको छैन । वास्तवमा यसमा समावेश गरिएका व्यक्तिहरू कुन आधारमा यसमा समावेश भएका हुन् भन्ने कतै उल्लेख छैन । कुनै लेखकको परिचयमात्र नभई पाँच पृष्ठसम्मको समालोचना गरिनु र कसैका बारेमा तीन पङ्क्तिमात्र लेखिनु, तथ्यगत त्रुटिहरू प्रशस्त हुनु, बालसाहित्यकोश भनिए पनि कतिपय लेखकका बालसाहित्येतर व्यक्तित्वको बढी चर्चा गरिनु, बालसाहित्य लेख्दै नलेख्ने लेखकलाई समावेश गरिनु, बालसाहित्य लेख्ने महत्त्वपूर्ण लेखक छुट्नु, धादिङ र स्याङ्जाका सबै लेखकलाई बालसाहित्यकारका रूपमा समेटिनुलगायतका कमी-कमजोरी कृतिमा रहेका छन् । वि.सं.२०६४ को पूर्वार्द्धमा प्रकाशित भएको यो पुस्तकमा समेटिएका तथ्यहरू पनि धेरजसो पुराना छन् । यसबाट सम्पादकद्वयले मिहिनेत नगरेको पनि स्पष्ट हुन्छ ।

## विनयकुमार कसजू

### *१. बालकथा लेखन*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस, कुपण्डोल; पहिलो संस्करण-२०६३, पृष्ठ-५६, मूल्य-रु.४०।-; आवरण-विष्णुकुमार पौडेल ।

बालकथा लेखनसम्बन्धी नेपाली भाषामा प्रकाशित पहिलो सैद्धान्तिक पुस्तक । शीर्षक-बालकथाका महत्त्वपूर्ण पक्षहरू, बालकथाका प्रमुख तत्त्वहरू, बालकथा लेखनका अन्य पक्ष, चित्रकथा लेखन, केही नमुना बालकथा । नेपाली भाषामा बालसाहित्यको सिद्धान्त र लेखनसम्बन्धी कृति यो नै पहिलो हो । यस कृतिले बालकथालेखनका तरिकाहरू सिकाउँदै लेखनसीप अभिवृद्धि र परिमार्जनका

लागि आवश्यक गोरेटो बनाइदिएको छ । यसबाट नयाँ लेखकहरूले प्रशस्त लाभ उठाउन सक्छन् भने परम्परागत लेखनमा अल्झिरहेकाहरूले आफ्नो सीपलाई परिमार्जन गर्न सक्छन् ।

## शान्तदास

### १. *बालसाहित्य र बालबालिकाहरू*

प्रकाशक-बालकोसेली; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४७ वैशाख, पृष्ठ-२३+३=२६, मूल्य-रु.३।-; आवरणचित्र-नभएको ।

पाँच लेख । शीर्षक-बालसाहित्य र बालबालिकाहरू, बालसाहित्य : अन्तर्राष्ट्रिय चेतना र राष्ट्रिय स्थिति, महेन्द्रमाला १, २, ३ र बालरुचि र हितका कुरा, गुरुंमाप्पा र हाम्रा केटाकेटीहरू, बालबालिकाहरूका लागि विज्ञानका पुस्तकहरू । यी लेखहरूमा लेखकका बालसाहित्य र बालपाठ्यपुस्तकसम्बन्धी धारणाहरू रहेका छन् । कृति उपयोगी छ ।

### २. *हाम्रा बालबालिकाहरू र बालसाहित्य*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-कोसेली प्रकाशन, काठमाडौँ; पहिलो संस्करण-२०५९ भदौ, पृष्ठ-६४+४=६८, मूल्य-रु.५०।- ।

एक्काइस लेख । शीर्षक-म मेरा बालसाथीहरूको प्रशंसा गरिरहनेछु, बालसाहित्य - यात्राका सहयात्री - रमला बहिनी, एक टुक्रा सेल र कृतज्ञता, हेटौँडाका बालबालिकाहरूबारे, कविवर युद्धप्रसाद मिश्र 'बालकोसेली'को डायरीमा, बालसाहित्यद्वारा शिक्षा, 'नवप्रतिभा'का मित्रहरूलाई पत्र, नयाँ पुस्ताको अभियान - प्रशंसनीय काम, बालसाहित्य र बालबालिकाहरू, बालसाहित्य : अन्तर्राष्ट्रिय चेतना र राष्ट्रिय स्थिति, महेन्द्रमाला १, २, ३ र बालरुचि तथा हितका कुरा, 'गुरुमाप्पा' र हाम्रा केटाकेटीहरू, बालबालिकाहरूका लागि विज्ञानका पुस्तकहरू, बालसाहित्यबारे केही कुरा, बालशिक्षाका सम्बन्धमा तीन कुरा, बालसाहित्यका फाँटमा उठ्ने गरेका केही प्रश्नबारे, बालसरोकारलाई दिएको अन्तर्वार्ता, महामारी फैलिएकै अवस्थामा ओखतीको खोजी हुन्छ, संस्कृतिका क्षेत्रमा हाम्रा केटाकेटीहरूका कुरा, हामी कविता किन लेख्छौँ ?, भाषा र साहित्यका क्षेत्रमा बालसाहित्यको महत्त्व । सङ्ग्रहका बालसाहित्य र बालबालिकाहरू, बालसाहित्य : अन्तर्राष्ट्रिय चेतना र राष्ट्रिय स्थिति, महेन्द्रमाला १, २, ३ र बालरुचि तथा हितका कुरा,

'गुरुमाप्पा' र हाम्रा केटाकेटीहरू तथा बालबालिकाहरूका लागि विज्ञानका पुस्तकहरू शीर्षकका पाँच लेख यसअघि नै **बालसाहित्य र बालबालिकाहरू** शीर्षक कृतिमा प्रकाशित ।

### *३. सुन्ने र सुनाउने परम्परा*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६२ चैत, पृष्ठ-१८+२=२०, मूल्य-रु.२०।- ।

बालसाहित्यका विभिन्न पक्षबारे चर्चा गरिएका चारवटा लेख-निबन्धको सङ्ग्रह । शीर्षक-सुन्ने र सुनाउने परम्परा, बालबालिकाहरू कथा सुन्न र लेख्न मनपराउँछन्, भाषाको कुरा, राम्रो नराम्रोबारे ।

अचेल साहित्यिक गोष्ठीहरूमा वा विद्यालयहरूमा आयोजना हुने विभिन्न भेलाहरूमा बालसाहित्यबारे पनि कुराकानी वा चर्चा हुने चलन चलेको छ । यो बालसाहित्यको विकासका लागि आवश्यक वातावरण बन्दै गइरहेको छ भन्ने कुराको एउटा राम्रो लक्षण हो ।...प्रस्तुत सँगालेमा बालसाहित्यसम्बन्धी मेरा केही धारणाहरू र काम गर्दै जाँदा बटुल्न पाएका केही अनुभवहरू प्रस्तुत गरेको छु । (लेखकीय, *यस सँगालोबारे)*